संचारिका समूह नेपाल
SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS FORUM

# संवाहक
SAMBAHAK NEWSLETTER

वर्ष १ अङ्क १ भदौ २०६४ (August)

## सम्पादकीय

*नेपाल अहिले सङ्क्रमणकालमा छ । नयाँ नेपालको निर्माणका कुरा नेताका मुखबाट बारम्बार सुनिएका छन् । सामान्य मानिस पनि नेपालको निर्माण नयाँ किसिमले हुन्छ भन्दै हौसिएका छन् । त्यसो त ०४७ सालको संविधान विश्वका उत्कृष्टमध्ये एक मानिएकै हो। तर, त्यसको कार्यान्वियनमा भएका त्रुटिले आजको अवस्था भोग्नुपरेको सर्वविदितै छ ।*

*यो त भयो पुरानो कुरो । अहिले समाजमा पिछडिएको वर्गको पनि नीति–निर्णायिक तहमा समान सहभागिता र प्राकृतिक साधनको बाँडफाँडमा बराबर हक हुनुपर्छ भन्ने आवाज आइरहेको छ । निश्चय नै, जनसङ्ख्याको आधारमा आधा हिस्सा ओगट्ने महिला अझै पनि दोस्रो दर्जाको नागरिकका रूपमा रहेका छन् । तिनले समानुपातिक समाजको परिकल्पना गर्नु अन्ततः परिवार, समाज र राष्ट्रको हितमा हुन्छ नै ।*

*राज्यले अहिले पनि जनजाति, आदिवासी, महिला, अपाङ्ग, पिछडिएको वर्ग भनेर सम्बोधन गरिरहेको छ । कुल जनसङ्ख्यामा पुरुषभन्दा महिला बढी भएको यथार्थलाई भुलेर अरू पिछडिएका समूहसँग महिलालाई राख्नु नै आफैंमा भेदभाव हो । यसर्थ महिलाका विषयमा कुरा गर्दा अरू समूहलाई एकै ठाउँ राखेर सम्बोधन गर्नु हुँदैन । बरु महिलाभित्रै पनि बढी पिछडिएका ठाउँ, वर्ग र समुदायका महिलाका बारेमा भने छलफल गर्नुपर्छ ।*

*नेपालको इतिहासमा पहिलोपटक हुन लागेको संविधानसभा निर्वाचनपछि चुनिएका प्रतिनिधिले निर्माण गर्ने संविधानले नयाँ नेपालको ढोका उघार्ने छ । सबै जातजाति, तह, तप्का, वर्गका मानिसको आवाजको सुनुवाइ जति बढी हुन्छ त्यति नै उत्कृष्ट संविधान बन्नेछ । भनिरहनु परोइन, संविधान देशको मूल कानुन हो । यसैका आधारमा राज्य–व्यवस्थाको ढाँचा निर्धारण हुन्छ । राज्य सञ्चालनको प्रमुख आधार पनि संविधान नै हुन्छ ।*

*संविधानले राज्यका विभिन्न अङ्गबीच दायित्व र अधिकारको बाँडफाँड, सत्ता र नागरिकबीचको सम्बन्धको निर्धारण गर्छ । संविधानले राज्यको राजनीतिक, आर्थिक, सामाजिक स्वरूपको समेत ढाँचा प्रस्तुत गर्दछ । संविधान राज्यको मूल कानुन र राज्य सञ्चालनको प्रमुख आधार भएकाले यसको तर्जुमामा नागरिकको सहभागिता हुनुपर्ने कुरा एउटा अपरिहार्य सर्त पनि हो । यस मानेमा पनि संविधान निर्माणका क्रममा महिलाको सहभागिता उल्लेख्य हुनुपर्छ । यसो हुनका लागि संविधानसभा चुनावबाट बढीभन्दा बढी महिला चुनिएर आउनुपर्छ । यसपछि मात्रै समानुपातिक समाजको निर्माण हुनेछ ।*

*संविधानमा महिलाका सवालको ग्यारेन्टीले राज्य संरचनाका हरेक तह र तप्कामा महिलाको अर्थपूर्ण उपस्थिति र पहुँचको ढोका खोल्ने हुनाले संविधानसभामा महिलाको सहभागिता जरुरी छ ।*

*सञ्चारिका समूहले सञ्चारमार्फत समानुपातिक र समतामूलक समाजका पक्षमा वकालत गर्दै आएको छ । आसन्न संविधानसभा निर्वाचनमा महिलाको सहभागिता बढीभन्दा बढी होस् र संविधान निर्माणका क्रममा महिलाको उल्लेख्य सहभागिता रहोस् भन्ने उद्देश्यले महिलाको चेतना अभिवृद्धिमा सहायक बनोस् भनेर यसको प्रकाशन सुरु गरिएको हो । संविधानसभालाई महिलाको अवधारणाबाट हेरिनुपर्छ भन्ने हाम्रो माग र मान्यता रहेको छ ।*

## समावेशी 'नयाँ नेपाल' र महिला नेतृत्व

■ **माधव ढुङ्गेल**



समय

आन्दोलनकारी आठ दलको सहमतिमा राज्य सञ्चालन भइरहेको छ- 'नयाँ नेपाल' निर्माणका लागि । ०४६ सालमा बहुदलीय व्यवस्था आएपछिको प्रजातन्त्रकालमा सबैभन्दा लामो समय सत्ता सञ्चालन गर्ने नेपाली काङ्ग्रेसदेखि त्यस व्यवस्थाविरुद्ध सशस्त्र विद्रोह गर्ने नेकपा (माओवादी) सम्म अहिले 'नयाँ नेपाल' निर्माण गर्ने बताइरहेका छन् । सबै जाति, वर्ग र क्षेत्रसमेतलाई समावेश गरी राज्यको पुनर्संरचना गर्न पनि दलहरू सहमत भएका छन् ।

'नयाँ नेपाल' का बारेमा गठबन्धनभित्रका आठ दलका पनि फरक-फरक दृष्टिकोण छन् । तथापि यी दलको सहमतिमा जारी देशको मूल कानुन 'नेपालको अन्तरिम संविधान २०६३' मा लेखिएको छ, 'राज्यको वर्तमान केन्द्रिकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने ।' संविधान जारी भएलगत्तै संविधानप्रति असन्तुष्टि जनाउँदै तराई आन्दोलन उत्कर्षमा पुगेको बेला ०६३ माघ २४ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले देशवासीका नाममा सम्बोधन गर्दै भने, 'मुलुकको राज्य संरचनाका सबै अङ्गमा मधेसी, दलित, आदिवासी, जनजाति, महिला, मजदुर, किसान, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराइनेछ ।' सम्बोधनमा सङ्घीय लोकतान्त्रिक राज्य प्रणाली निर्माण गरी शासन प्रणालीमा सबै जनताको सहभागिता गराइने प्रतिबद्धता घोषणामार्फत सरकारले दोहोर्‍याएको छ ।

यसरी हेर्दा नयाँ नेपाल अर्थात् समावेशी नेपाल होला भन्न सक्ने आधारको विकास भएको छ । शासन प्रणालीमा सबै जाति, वर्ग, क्षेत्र र समूहको राज्यमा समान हिस्सेदारी हुनेगरी राज्यको पुनर्संरचना गर्नेतर्फ राज्य अग्रसर छ । त्यसैले नयाँ नेपालको निर्माण भनेको सबैको सम्मानजनक प्रतिनिधित्वसहित राज्यको निर्माण अर्थात् पुनर्संरचना हो ।

त्यसको मुख्य आधार जनसङ्ख्यालाई बनाइने पनि मधेस आन्दोलनपछि निर्धारित संविधानसभा निर्वाचन क्षेत्रबाट देखिइसकेको छ।



**पाँचदेखि ११ प्रतिशत मात्र**

२०५८ सालको जनगणनाअनुसार, नेपालको कुल जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा महिलाको छ। महिलाको हिस्सा ५०.०३ प्रतिशत रहेको छ। तर, साक्षरता प्रतिशत भने झन्डै पुरुषको भन्दा आधा रहेको छ। राज्य-प्रणालीमा त झन् महिलाको सहभागिता न्यून छ। शिक्षकमध्ये २६ प्रतिशत महिला छन् भने देशको प्रशासनयन्त्रमा झन्डै साढे आठ प्रतिशत महिला कार्यरत छन्। यस्तै न्यायसेवामा २ प्रतिशत मात्र महिला छन्। जमिनको स्वामित्व ११ प्रतिशतभन्दा कम महिलाको नाममा रहेको छ। सञ्चार क्षेत्रमा १२ प्रतिशत जति महिला कार्यरत छन् भन्ने अनुमान गरिएको छ। सरकारी तथ्याङ्कमा कृषि उत्पादनमा योगदान गर्न मात्र महिला अगाडि रहेको देखिन्छ। कृषि उत्पादनमा महिलाको योगदान ६०.५० प्रतिशत रहेको छ।

मधेसी, दलित, आदिवासी, जनजाति, पिछडिएका वर्ग र क्षेत्र सबैको आधा भाग महिलाले ओगटेका छन्। तर, शासन प्रणालीमा महिलाको उपस्थिति अत्यन्त न्यून छ। जनआन्दोलनको बलमा पुनर्स्थापित प्रतिनिधिसभाले २०६३ जेठ १५ गते जरुरी सार्वजनिक महत्वको प्रस्ताव पारित गरेको छ। प्रतिनिधिसभामा सर्वसम्मतिले पारित प्रस्तावमा भनिएको छ, 'आमा वा बाबुमध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने कुराको ग्यारेन्टी गर्न, समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखी हाललाई कम्तीमा एकतिहाई महिलालाई राज्यका सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्न, त्यस्तै विभेदकारी कानुनको खारेजी गर्न र महिलाप्रति हुने गरेका हिंसाको अन्त्य गर्न जरुरी भएको।'

**लोकतन्त्रमा राज्य सञ्चालन गर्ने जिम्मेवारी राजनीतिक दलको हो । त्यसैले राज्यका सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्न राजनीतिक दल समावेशी हुनु अनिवार्य छ ।**

राज्यका सबै अङ्गमा एकतिहाई महिला सहभागिता गराइने प्रस्ताव पारित गरेको एक वर्ष बितिसकेको छ। ०६३ वैशाखमा सम्पन्न जनआन्दोलन र ०६३ माघमा भएको मधेस आन्दोलनमा समेत छुट्टै जुलुस निकालेका महिलाको दबाबमा एकतिहाई सिट सुनिश्चित गर्न राजनीतिक दलहरू एकमत भएका छन्। संसद्ले प्रस्ताव पारित गरिसकेपछि बनेको सरकार-माओवादी दुवै पक्षको वार्ताटोलीमा एकजना पनि महिलालाई सामेल गराइएन।

राज्यको समावेशी र अग्रगामी पुनर्संरचना गर्ने घोषणाका साथ जारी भएको अन्तरिम संविधानपछि बनेको माओवादीसमेतको अन्तरिम सरकारमा तीनजना महिला मन्त्री बनाइएका छन्। प्रधानमन्त्रीलगायत १८ मन्त्री र पाँच राज्यमन्त्री रहेको वर्तमान अन्तरिम सरकारमा एमालेका तर्फबाट परराष्ट्रमन्त्री सहाना प्रधान, माओवादीका तर्फबाट भौतिक योजना तथा निर्माणमन्त्री हिसिला यमी र संयुक्त जनमोर्चा नेपालका तर्फबाट स्वास्थ्य सहायक मन्त्री शशी श्रेष्ठ मात्र महिला सामेल छन्। प्रधानमन्त्रीको दल नेपाली काङ्ग्रेस र नेपाली काङ्ग्रेस विभाजित भएर बनेको नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) ले त एकजना पनि महिलालाई मन्त्री बनाएका छैनन्।

राजनीतिक दलमाथि महिला सहभागिताका लागि दबाब बढिरहेको बेला एक दशक लामो सशस्त्र सङ्घर्षपछि प्रतिस्पर्धात्मक राजनीतिमा प्रवेश गरेको माओवादीले अन्तरिम संसद्मा पठाएको महिला सांसदको सङ्ख्याले थप दबाब सिर्जना गरेको छ। सो पार्टीले व्यवस्थापिका-संसद्मा मनोनीत गरेका ८३ जना सांसदमध्ये ३२ जना महिला छन्। त्यस्तै एमालेका १२, नेपाली काङ्ग्रेसका सात, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) का तीनजना महिला सांसद छन्। अन्तरिम व्यवस्थापिका गठनका बेला काङ्ग्रेस (प्रजातान्त्रिक) ले सांसदमा मनोनीत गर्न पाएको छ र वाममोर्चाले पाएको तीन सिटमा एकजना पनि महिला पठाएन। नेपाल मजदुर किसान पार्टी, संयुक्त जनमोर्चा, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का एक-एकजना महिला सांसद छन्। माओवादीको 'जनमुक्ति सेना'मा समेत ४० प्रतिशत महिला रहेको दाबी सो पार्टीले गर्दै आएको छ।



लोकतन्त्रमा राज्य सञ्चालन गर्ने जिम्मेवारी राजनीतिक दलको हो। त्यसैले राज्यका सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्न राजनीतिक दल समावेशी हुनु अनिवार्य छ। देश हाँक्ने राजनीतिक दलको नेतृत्व तहमा महिलाले प्रभावकारी भूमिका निभाउने हैसियत बनाउन



सकेमा राज्यका सबै निकायमा महिलाको सहभागिता सुनिश्चित हुनसक्छ । तर, संसद्बाट राज्यका सबै तहमा एकतिहाइ महिला सहभागिताको सुनिश्चितता गर्नुपर्ने प्रस्ताव पारित गर्ने राजनीतिक दलको नेतृत्वमा भने महिलाको सङ्ख्या नगन्य छ । नेपाली काङ्ग्रेसको ३७ जनाको केन्द्रीय समितिमा चारजना महिला सदस्य छन् जुन ११ प्रतिशत मात्र हुन्छ । त्यस्तै ६५ सदस्यीय नेकपा (एमाले) को केन्द्रीय नेतृत्वमा छ जना र नेकपा ( माओवादी) को ३७ जनाको केन्द्रीय कमिटीमा दुईजना मात्र महिला पुगेका छन् । प्रतिशतमा हेर्ने हो भने एमालेमा १० र माओवादीमा पाँच प्रतिशत मात्र महिला केन्द्रीय नेतृत्वमा रहेको देखिन्छ ।

**बाधक : पितृसत्तात्मक सोच**

अहिले ३३ प्रतिशत महिलालाई संविधानसभालगायत राज्यका सबै अङ्गमा सहभागी गराउन सहमति जनाउने राजनीतिक दलले यसअघि संसदीय चुनावमा पाँच प्रतिशत महिला उम्मेदवार उठाउनुपर्ने संवैधानिक प्रावधान थियो । 'अहिले ३३ प्रतिशत स्थानमा नेतृत्व गर्नसक्ने महिला तयार भइसकेका छन्,' एमाले केन्द्रीय सदस्यसमेत रहेकी पूर्व महिला राज्यमन्त्री तथा सांसद उर्मिला अर्याल भन्छिन्, 'अहिलेसम्म कति महिला नेतृत्व लिनसक्ने अवस्थामा छन् भनेर राजनीतिक दलहरूले हिसाब गरेका छैनन्, केन्द्रमा पुगेकाभन्दा सक्षम महिला जिल्ला तहमा पनि छन् ।' राजनीतिक नेतृत्वको ५० प्रतिशत जिम्मेवारी सम्हाल्न सक्ने महिला जिल्ला तहमा तयार भइसकेको भए पनि जिल्ला नेताको रूपमा पार्टीले पहिला स्थापित गराउनुपर्ने अर्यालको धारणा छ ।

राजनीतिक दल पितृसत्तात्मक सोचले जकडिएको छ । यसका कारण नेतृत्वमा पुगेका महिला नै पनि प्रष्ट छैनन् । दलभित्र समावेशी लोकतान्त्रिक परिपाटीको अभ्यास नभएका कारण महिला पछि परेका हुन् । विगतमा महिला सहभागितालाई केवल प्रतिनिधित्व गराउने रूपमा मात्र लिइयो । महिला समानताका लागि सबै संरचनामा महिलाको भौतिक उपस्थिति अपरिहार्य हुन्छ । अनि उनीहरूमा जिम्मेवारी बहन गर्न सक्ने क्षमताको विकास गर्नुपर्छ, अनि जिम्मेवारी पनि दिनुपर्छ । विगतमा जस्तै प्रतिनिधित्व गराउने रूपमा मात्र महिलालाई सहभागी गराएर समानता हासिल हुन नसक्ने कुरामा भने सांसद अर्याल सहमति व्यक्त गर्छिन् ।

राजनीतिक परिवेशमा आएको परिवर्तनसँगै पार्टी संरचनामा पनि परिवर्तन ल्याउनुपर्ने महसुस भने राजनीतिक दलले पनि गर्न थालेका छन् । एमालेको हालै सम्पन्न केन्द्रीय कमिटीको बैठकको निर्णयअनुसार अञ्चल, जिल्ला र जनवर्गीय सङ्गठनहरूमा एकतिहाइ महिला सहभागी गराउन 'सर्कुलर' जारी गरिएको छ । नेपाली काङ्ग्रेसले पनि हरेक निर्वाचन क्षेत्रबाट एकजना महिला महाधिवेशन प्रतिनिधि अनिवार्य गरेको छ । यस विषयमा प्रतिस्पर्धी दलबीच एउटा दलले गरेको निर्णयबाट अर्को दल पनि त्यस्तै निर्णय गर्न बाध्य हुँदै गएका छन् । उर्मिला अर्याल भन्छिन्, 'अहिले गरेको ३३ प्रतिशत अनिवार्यको व्यवस्था राम्ररी लागू भयो भने भोलि ५० प्रतिशतको दाबी गर्न सक्ने सक्षम नेतृत्व तयार हुन्छ ।'

गत जेठ ३१ गते व्यवस्थापिका संसद्बाट पारित 'संविधानसभा निर्वाचन ऐन, २०६३' मा राजनीतिक दलले पाएको मतका आधारमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने २४० सिटमध्ये ५० प्रतिशत अर्थात् जम्मा १२० जना महिलाको प्रतिनिधित्व सुनिश्चित गरेको छ । बन्द उम्मेदवारको सूचीबाट निर्वाचित हुने १२० जना महिला सदस्यमध्ये ३७ जना मधेसी (१५.६ प्रतिशत), १६ जना दलित (६.५ प्रतिशत), उत्पीडित जाति/जनजातिका ४५ जना ( १८.९ प्रतिशत), पाुचजना (२ प्रतिशत) पिछडिएको क्षेत्रका संविधानसभा सदस्यमा चुनिने व्यवस्था गरेको छ । साथै 'अन्य' ३६ जना (१५.१ प्रतिशत) महिला पनि संविधानसभामा चुनिने छन् ।

मधेसी महिलाका लागि छुट्याइएको सिटमा तराईका दलित, जनजातिसमेत समावेश गरिनुपर्ने व्यवस्था गरिएको छ । संविधानसभा निर्वाचन ऐनमा पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लालाई तोकिएको छ । 'अन्य' जातिमा बाहुन, क्षेत्री, ठकुरी र सन्यासीलाई राखिएको छ । यसबाहेक २४० निर्वाचन क्षेत्रबाट बहुमतका आधारमा निर्वाचित हुने प्रत्यक्ष चुनावमा पनि एकतिहाइ महिला उम्मेदवार उठाइनुपर्ने कुरा त प्रतिनिधिसभाले पारित गरेको सङ्कल्प प्रस्तावमा नै लेखिएको छ । संविधानसभामा कम्तीमा एकतिहाइ महिला सहभागिता सुनिश्चित गरेको सांसद अर्यालको मूल्याङ्कन छ ।

समानुपातिक निर्वाचन प्रणालीबाट महिला निर्वाचित हुँदा त्यसमा पार्टी नेतृत्वले चाहेका महिला बढी लाभान्वित हुन्छन् । अनि महिला नेतृ जनतामा स्थापित नहुने हुनाले भूगोलमा बढी महिलालाई प्राथमिकता दिएमा नेतृत्व सक्षम र स्थापित हुने कुरामा अर्याल सहमत हुन्छिन् । समग्र महिलाको यस्तो अवस्था छ त्यहाँभित्रका दलित, जनजाति र मधेसी महिला नेतृत्वको अवस्था कति कमजोर होला ?

मधेसका चमार, दुसादजस्ता तल्लो वर्गका महिलाभन्दा उच्च र धनाढ्य वर्गका महिला स्वतन्त्रता र नेतृत्वको हिसाबले पछाडि रहेको नारीवादीहरूको अनुभव छ । 'हामीले किस्ताबन्दीमा परिवर्तन खोजेका होइनौं,' दलित महिला सङ्घका अध्यक्ष दुर्गा सोव भन्छिन्, 'दलितले हरेक क्षेत्रमा आमूल परिवर्तन खोजेका छन् ।' दलित र त्यसभित्र पनि दलित महिलाका लागि शिक्षा र स्वास्थ्यमा सुधार नभई राज्य संयन्त्रमा दलितको सहभागिता सुनिश्चित गर्न नसक्ने ठोकुवा गर्ने सोव भन्छिन्, 'अहिले हरेक क्षेत्रमा महिला र दलितलाई पछाडि पार्ने वर्तमान संयन्त्र भत्काएर नयाँ संरचना निर्माण गरिनुपर्छ । निश्चित समयका लागि राज्यका हरेक निकायमा आरक्षणको व्यवस्था गरिनुपर्छ ।' सांसद अर्याल राजनीति र प्रशासन, न्यायजस्ता राज्यका सबै क्षेत्रमा महिलाको सहभागिता बढाउन राज्यले विशेष योजनाका साथ काम थाल्नुपर्ने र यसो गरे मात्र वास्तवमा 'नयाँ नेपाल' बन्न सक्ने देख्छिन् ।

तस्वीर साभार: हिमाल, समय

## नेपालमा महिला र पुरुषबीचको अन्तर

| विषय | महिला | पुरुष |
|---|---|---|
| जनसङ्ख्या (%) | ५०.०३ | ४९.६० |
| औषत आयु (वर्ष) | ६२.२० | ६१.८० |
| साक्षरता (१५ वर्षमाथिको लागि) (%) | ६२.२० | ३४.६० |
| मन्त्री (%) | ५.५५ | ९४.४५ |
| प्रशासन (%) | ८.५५ | ९१.४५ |
| न्याय सेवा (%) | २.०६ | ९७.९६ |
| शिक्षक (%) | २६.०० | ७४.०० |
| सञ्चार क्षेत्र (%) | १२.०० | ८८.०० |
| वैदेशिक रोजगारी (%) | १०.८५ | ८९.१५ |
| जमिनमा स्वामित्व (%) | १०.८४ | ८९.१६ |
| कृषि उत्पादनमा योगदान (%) | ६०.५० | ३९.५० |

स्रोत : दसौं योजना

# आफ्नैबारे




*पोखरामा सम्पन्न फिचर लेखन तालिम*

सञ्चारिका समूह ०५२ सालमा स्थापना भएको पत्रकार महिला तथा सञ्चारकर्मीको साझा थलो हो । यसले आफ्नो स्थापनाकालदेखि नै महिला र सञ्चारको क्षेत्रमा काम गर्दै आएको छ । सञ्चार क्षेत्रमा महिलाको सङ्ख्यात्मक र गुणात्मक सहभागिता एवम् सञ्चारमाध्यममार्फत महिलाका मुद्दाहरूको वकालत यसको मुख्य उद्देश्य रहेका छन् ।

समूहले सञ्चारमा महिलाका समाचारबारे अनुगमन गर्ने गरेको छ । महिलामाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने महासन्धि (सिड) को कार्यान्वयनमा सञ्चारिकाले जोड दिँदै आएको छ । महिला सञ्चारकर्मीका समस्यामा आधारित रहेर मुलुकभरिका महिला पत्रकारबीच रहेर अनुसन्धान सम्पन्न गरेको छ । बुदागत रूपमा सञ्चारिकाले गरिरहेका कार्य निम्नअनुसार छन् :

**सञ्चारिका लेखमाला** : सन् १९९७ बाट सुरु गरिएको यो सेवा हालसम्म निरन्तर चलिरहेको छ । महिला पत्रकारको सङ्ख्यात्मक र गुणात्मक वृद्धिका लागि तिनको लेखन शैलीलाई परिष्कृत बनाउन सञ्चारिका लेखमाला प्रकाशन गरिएको हो । लेखमाला एकातिर महिलाले लेख्न चाहेको विषय लेख्ने थलो बनेको छ भने अर्कातिर लेख्न चाहने तर ठाउँ नपाइरहेका महिलालाई लेख्न मिल्ने 'प्लेटफर्म' बनेको छ । कुनै महिला पत्रकारिता गर्नेभन्दा चाहेको विषयमा लेख्ने पनि हुन्छन् । तिनलाई लेखमाला उपयुक्त माध्यम बनेको छ ।

❐ **फिचर लेखन तालिम** : केही वर्षयता समूहले मुलुकका पाँचै विकास क्षेत्रमा कार्यरत महिला पत्रकार तथा सञ्चारकर्मीलाई फिचर तालिम दिँदै आएको छ ।

❐ **सञ्चारिका समानता पुरस्कार** : सञ्चारिकाले ०५७ सालदेखि सञ्चारिका समानता पुरस्कार दिँदै आएको छ । महिलाका मुद्दालाई सञ्चारमाध्यममार्फत उठाउने वर्षभरि छापिएका समाचारमध्ये उत्कृष्टलाई यो पुरस्कार प्रदान गरिन्छ ।




*सञ्चारिका समानता र सञ्चारिका प्रोत्साहन पुरस्कार वितरण समारोह*

यस वर्षको पुरस्कार राजधानी दैनिकका संवाददाता रामेश्वर बोहरालाई प्रदान गरियो । बोहराकृत तलाकविरुद्ध अदालतसम्म शीर्षकको फिचर उत्कृष्ट भएको हो । पुरस्कारको निर्णायकमण्डलमा पत्रकार महासङ्घका अध्यक्ष विष्णु निष्ठुरी, पत्रकार हरिकला अधिकारी र सञ्चारिका समूहकी कार्यकारी सदस्य अमिका राजथला हुनुहुन्थ्यो ।

❐ **सञ्चारिका प्रोत्साहन पुरस्कार** : सञ्चारमाध्यममा कार्यरत महिला सञ्चारकर्मीलाई यो पुरस्कार प्रदान गर्न थालिएको ०६२ सालदेखि हो । यस वर्षको प्रोत्साहन पुरस्कार स्टार एफएमकी संवाददाता रञ्जना पौडेल र गोरखापत्रकी धादिङ संवाददाता सीता अधिकारीलाई प्रदान गरियो ।

❐ **सञ्चार अनुगमन** : सञ्चारमा महिला र महिलाका मुद्दा कसरी समेटिएका छन् भन्ने विषयमा समूहले सन् १९९७ देखि सञ्चार अनुगमन गर्दै आएको छ ।

❐ **वेबसाइट** : समूहको आफ्नै वेबसाइट छ । वेबसाइटको ठेगाना www.sancharika.org हो ।

❐ सञ्चारिकाले महिलाका विभिन्न मुद्दामा सञ्चारमाध्यममार्फत वकालत गर्दै आएको छ ।

जस्तैः

-वैदेशिक रोजगारीमा महिला सशक्तीकरण

-महिलामाथि हुने हिंसा

-बेइजिङ सम्मेलनको फलोअप

-सहश्राब्दी विकास लक्ष्य

-नीति निर्माण तहमा महिला सहभागिता

-संयुक्त राष्ट्र सङ्घको प्रतिबद्धता (रेज्युलेसन) १३२५

-शान्ति प्रक्रियामा महिला सहभागिता

-संविधानसभामा महिला सहभागिता

-संविधानसभामा महिलाको अवधारणा र सञ्चारमाध्यमको भूमिका आदि ।



*भेडेटारमा सम्पन्न फिचर लेखन तालिम*

सञ्चारिकाले महिला विषयलाई समेटेर केही पुस्तक, डकुमेन्ट्री पनि प्रकाशन/उत्पादन गरेको छ ।

# पुस्तक विमोचन




सञ्चारिका समूहको ११औं वार्षिकोत्सव तथा चौथो वार्षिक साधारणसभामा सूचना तथा सञ्चारमन्त्री कृष्णबहादुर महराले बबिता बस्नेतद्वारा सम्पादित र नवराज अधिकारीद्वारा अनुवादित पुस्तक 'सञ्चारमाध्यम र निर्वाचन'को विमोचन गर्नुभयो ।

उक्त अवसरमा बोल्दै मन्त्री महराले राष्ट्रको भविष्य निर्माणका लागि संविधानसभाको निर्वाचन अपरिहार्य हुने र त्यसले समानुपातिक समाजको निर्माण हुने धारणा राख्नुभयो । साथै उहाले विमोचित पुस्तक संविधानसभा निर्वाचनमा सञ्चारकर्मीको भूमिकाका लागि सहायक हुने बताउनुभयो ।

पुस्तकका सम्पादक बबिता बस्नेतले क्यानडाबाट प्रकाशित पुस्तक नेपालीमा अनुवाद गरेर छाप्दा सञ्चारकर्मीलाई संविधानसभाको चुनावमा समाचार सम्प्रेषण गर्न सजिलो हुन्छ भन्ने ध्येयले उक्त कार्य गरेको बताउनुभयो ।

पुस्तकका बारेमा बोल्दै प्रेस काउन्सिलका अध्यक्ष राजेन्द्र दाहालले मुलुकमा पहिलोपटक हुन लागेको संविधानसभा निर्वाचनमा सञ्चारकर्मीलाई पनि नौलो विषयमा समाचार सम्प्रेषण गर्न अप्ठ्यारो हुने भएकाले प्रकाशित पुस्तक उपयोगी हुने धारणा राख्नुभयो । उहाले निर्वाचनको निष्पक्ष रिपोर्टिङ कसरी गर्ने भन्नेबारेमा पुस्तक केन्द्रित भएकाले सो पुस्तक सबै सञ्चारकर्मीको हातमा पुग्नुपर्ने उल्लेख गर्नुभयो ।



# संविधानसभाको निर्वाचनमा महिलाको सहभागिता



-प्रा.डा.शान्ता थपलिया

संविधानसभाको निर्वाचन एक गहन र अत्यन्त महत्वपूर्ण विषय हो । यस्तो निर्वाचन घरीघरी भइरहने विषय पनि होइन । यो निर्वाचन विगत वर्षको झैं संसदीय निर्वाचन पनि होइन । संसदीय निर्वाचन र संविधानसभाको निर्वाचनबीचमा महत्वपूर्ण तात्विक भिन्नता छ । **'संसदीय निर्वाचन' संविधान बनिसकेपछि हुने** निर्वाचन हो भने 'संविधानसभा'को निर्वाचन 'संविधान' बनाउने उद्देश्यले गरिएको हुन्छ ।

संविधानसभामा समावेशी प्रक्रिया अत्यन्त महत्वपूर्ण हुन्छ । समावेशी भन्नाले राज्यका हरेक क्षेत्र एवम् समुदाय वा वर्गको सहभागिता रहन्छ, उदाहरणका लागि महिला, जनजाति, दलित, मधेसी, आदिवासी, अल्पसङ्ख्यक, शारीरिक हिसाबले अशक्त, क्षेत्री, ब्राह्मणलगायत लोप हुन लागेका जाति र भौगोलिक क्षेत्रलाई समेत मध्यनजर राखी निर्वाचनमा सहभागी गराइन्छ । राजनीतिक, बौद्धिक तथा विशेषज्ञहरूको सम्मिश्रणको रूपमा रहन्छ यो सभा । यसप्रकार राष्ट्रका हरेक क्षेत्र र समुदायका नागरिकको प्रतिनिधित्व संविधानसभाको निर्वाचनबाट गरिन्छ ।

यस्ता प्रतिनिधिबाट हाम्रो देशको भविष्य कोरिन्छ । यी प्रतिनिधिहरूको सभालाई संविधानसभा भनिन्छ र प्रतिनिधिहरूलाई संविधानसभा सदस्य भनिन्छ । यसर्थ संविधानसभा निर्वाचनलाई संविधान बनाउने प्रक्रिया हो भन्ने पनि बुझिन्छ ।

'संविधान' बनाउने उद्देश्यले यो सभा हुने भएकोले हामीलाई लाग्न सक्छ कि 'संविधान' नै के त्यति ठूलो कुरा हो र ? वास्तवमा संविधान एक मूलभूत विषय हो । संविधान राष्ट्रको मूल कानुन हो । जस्तै,

१. यसले राज्यको राजनीतिक व्यवस्थाको निर्क्योल गर्छ । जसमा,

क. एकात्मक वा सङ्घीय प्रणाली ।

ख. लोकतन्त्रात्मक वा गणतन्त्रात्मक संरचना ।

२. कानुनी वा न्यायिक व्यवस्था कस्तो प्रकारले गर्ने ।

३. सामाजिक प्रणालीको व्यवस्था कसरी गर्ने ।

४. धर्म तथा संस्कृतिको मूल्य-मान्यता, स्वरूप र नीति तय गर्छ ।

५. व्यावहारिक र आर्थिक प्रणाली सुनिश्चित गर्छ ।

६. नागरिक तथा यस देशका सबै बासिन्दाको हकअधिकार सुरक्षित गर्ने आदि । सबै विषय संविधानभित्र नै पर्दछन् । यसले राष्ट्रको भविष्य निर्माणको मूलभूत आधार वा आधारभूत मूल सिद्धान्त तय गर्छ । यसले कार्यान्वयन पक्षका प्रक्रियासमेतको घोषणा गर्दछ । यही संविधानको आधारमा देशका अन्य ऐन-कानुन, नीति-नियम, उपनियमहरू बनिने हुनाले यो 'संविधान' अत्यन्त महत्वपूर्ण विषय बनेको हो ।

**संविधानसभाको स्रोत**

संविधानसभाको स्रोत भनेको जनताको राजनीतिक शक्ति हो । यस्तो अवस्था, चलिरहेको राजनीतिक व्यवस्थाको अन्त्य गरी नयाँ व्यवस्था जनताले ल्याएपछि हुन्छ, जस्तो

१. जनताको शान्तिपूर्ण आन्दोलनबाट

२. जनक्रान्तिबाट

३. सशस्त्र आन्दोलनबाट

हाम्रो देशमा पनि २००७ सालमा राणाशासन हटाउन क्रान्ति भएको थियो । जहानिया राणाशासन पद्धतिबाट प्रजातन्त्रको स्थापना भएको थियो । त्यसैबखत संविधानसभाको निर्वाचनको कुरा पनि उठेको थियो । स्वयम् राजा त्रिभुवनले यसको घोषणा गरेका थिए, तर त्यो सफल हुन सकेन । २०१५ सालमा संसदीय निर्वाचन भयो । २०१७ सालमा राजा महेन्द्रबाट संसदीय व्यवस्थाप्रति कुठाराघात भयो र एकदलीय पञ्चायती व्यवस्था आयो ।

२०४६ सालको जनताको आन्दोलनबाट पञ्चायती व्यवस्था हटाई प्रजातन्त्र पुनर्स्थापना भयो । यसबेला संविधानसभाको विषयमा सोचिएन । त्रिपक्षीय सम्झौतामा संविधान लेखियो । 'नेपाल अधिराज्यको संविधान, २०४७' को लेखन आयोगमा केवल पुरुष मात्र थिए । त्रिपक्षीय सम्झौताको आधारमा राजनीतिक दलहरूलाई मनोनयन गरेका पुरुष विशेषज्ञहरू तथा राजनीतिक व्यक्तित्वहरूद्वारा बनाइएको थियो । यो संविधानमा महिला एवम् अन्य कुनै वर्ग, जातजाति र समुदायको प्रतिनिधित्व थिएन । यसकारण महिलाहरू दोस्रो दर्जाका नागरिकका रूपमा स्थापित भए ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ र धारा १२७ मा राजालाई पनि केही शक्ति दिइएको थियो । त्यही आधारमा राजा ज्ञानेन्द्रद्वारा २०५९ असोज १८ र २०६१ माघ १९ मा कार्यपालिका तथा व्यवस्थापकीय सम्पूर्ण शक्ति आफ्नो हातमा लिइएको थियो । २०६२/६३ को १९ दिने शान्तिपूर्ण संयुक्त आन्दोलनको परिणामस्वरूप राजा आफैंले विघटन गरेको प्रतिनिधिसभा २०६३ वैशाख ११ गते पुनर्स्थापित भयो । प्रजातन्त्र स्थापनाका लागि महिलाले २००७ देखि नै खेल्दै आएको महत्वपूर्ण भूमिका र यो जनआन्दोलन दोस्रोमा महिलाले देखाएको साहसिक कदम त्यत्तिकै महत्वपूर्ण छ । महिला घाइते हुनुका साथै सहादत प्राप्त गरेका पनि छन् ।

उपरोक्त सबै कुरालाई विचार गरी अन्तरिम संविधान, २०६३ मा महिलाका अधिकार निकै हदसम्म सुनिश्चित गरिएको छ । 'संविधानसभाको निर्वाचन मिश्रित प्रणालीअनुसार गरिने व्यवस्था छ' पनि राखिएको छ ।

मिश्रित प्रणालीलाई दुई किसिमबाट लिएको छ ।

१. समानुपातिक प्रणाली ।

२. बढी मत/बहुमत प्रणाली ।

**समानुपातिक प्रणाली**

१. सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र बनाउने ।

२. राजनीतिक दल नै उम्मेदवार हुने ।

३. निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूले आफ्नो दलको तर्फबाट उठाइने उम्मेदवारको बन्दसूची तयार गर्नुपर्ने ।

४. उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तअनुरूप गर्नुपर्ने ।

जस्तो महिला, दलित, उत्पीडित जाति, आदिवासी, जनजाति र अन्य समूहसमेत राखिनुपर्ने छ ।

५. समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचन हुने कुल सदस्यसङ्ख्याको कम्तीमा दस प्रतिशत सदस्यका लागि उम्मेदवारी दिने गरी बन्दसूची तयार गर्नुपर्छ ।

६. त्यस्तो तयार भएको बन्दसूची निर्वाचन आयोगले तोकेको समयावधिभित्र सम्बन्धित राजनीतिक दलले अनुसूची २ को ढाँचामा पेस गर्नुपर्ने छ । अनुसूची २ मा समानुपातिक निर्वाचन प्रणालीअनुसार राजनीतिक दलले महिला/पुरुष गरेर दिनुपर्छ ।

७. समानुपातिक बन्दसूची प्रणालीमा जनसङ्ख्याको आधारमा ५० प्रतिशतको सिद्धान्तमा उम्मेदवारी दिइने छ अथवा ५० प्रतिशत महिला उम्मेदवार र ५० प्रतिशत पुरुष उम्मेदवारका दरले ।

८. कतिपय उम्मेदवार एकभन्दा बढी समुदायको प्रतिनिधित्व गर्न सक्ने हुनाले तलको चार्टमा सयभन्दा बढी प्रतिशत देखिन आएमा पनि फरक पर्ने छैन ।

**अनुसूची १ र २ जस्तो कि एक उम्मेदवार महिला**

**अनुसूची १**

| क्र.सं. | प्रतिनिधित्व हुने समूह | | उम्मेदवारको प्रतिशत |
|---|---|---|---|
| | महिला | | ५०% |
| १ | मधेसी | महिला | १५.६% |
| | | पुरुष | १५.६% |
| २ | दलित | महिला | ६.५% |
| | | पुरुष | ६.५% |
| ३ | उत्पीडित जाति/आदिवासी जनजाति | | |
| | | महिला | १८.९% |
| | | पुरुष | १८.९% |
| ४ | पिछडिएको क्षेत्र | महिला | २% |
| | | पुरुष | २% |
| ५ | अन्य | महिला | १५.१ |
| | | पुरुष | १५.१% |

स्पष्टीकरण : कतिपय उम्मेदवारले एकभन्दा बढी समूहको प्रतिनिधित्व गर्ने भएको हुँदा सबै समूहको उम्मेदवार प्रतिशतको जोड सयभन्दा बढी देखिन आएको छ ।

**अनुसूची २**

दफा ७ को उपदफा (३) सँग सम्बन्धित)........ राजनीतिक दल उम्मेदवारको बन्दसूची

मधेसी, दलित वा उत्पीडित जातिको एक व्यक्ति महिला हुन सक्छन् । त्यस्तै पुरुषको निम्ति पनि लागू हुन सक्छ ।

९. अन्य समूह भनेको अनुसूची १ मा नपरेको समूह हुन्छ ।

१०. पिछडिएको क्षेत्र भनाले अछाम, जाजरकोट, जुम्ला डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लालाई लिइएको छ ।

११. अर्को महत्वपूर्ण कुरा राजनीतिक दलले उम्मेदवार सूचीकृत गर्दा उत्पीडित समूह, गरिब, किसान, मजदुर र अपाङ्गसमेतका व्यक्तिको प्रतिनिधित्वलाई ध्यान पुऱ्याउनुपर्ने हुन्छ ।

१२. अर्को कुरा के छ भने समानुपातिक निर्वाचन प्रणालीमा बन्दसूची तयार गर्दा, उक्त निर्वाचन प्रणालीअन्तर्गत निर्वाचन हुने कुल सङ्ख्याको २० प्रतिशतभन्दा कम मात्र उम्मेदवार दिने तथा सूचीकृत गर्ने राजनीतिक दलहरूले अनुसूची १ मा निर्धारित प्रतिशतमा महिला र पुरुषको सङ्ख्या बराबरी राख्नुपर्छ ।

१३. एकजना मात्र उम्मेदवार निर्वाचन हुने राजनीतिक दलका हकमा महिला वा पुरुष जोसुकै भए पनि निर्वाचन आयोगले मान्यता दिनुपर्छ ।

१४. बन्दसूचीमा सूचीकृत महिलाको सङ्ख्या र बढी मतबाट जित्ने महिला उम्मेदवारको सङ्ख्या जोडेर कुल सङ्ख्यामा न्यूनतम एकतिहाई महिला उम्मेदवार हुनुपर्छ ।

१५. बन्दसूचीमा पनि १० प्रतिशत घटी-बढी गर्न सकिन्छ । हामी धेरैलाई भ्रम के छ भने बन्दसूची (समानुपातिक) मा ५० प्रतिशत उम्मेदवार र बढी मत निर्वाचन प्रणालीमा ३३ प्रतिशत उम्मेदवार हुन पाउँछन्, तर त्यसो होइन । दुवै मिलाई कुल न्यूनतम ३३ प्रतिशत मात्रै उम्मेदवार हुन पाउँछन् ।

बढी मत प्रणालीमा महिला उम्मेदवार कम से कम पनि १६ प्रतिशत उठाउन बल गर्नुपर्छ ।

**२. बढी मत प्रणाली**

यस प्रणालीअन्तर्गत

१. व्यक्ति उम्मेदवार हुन्छन् ।

२. निर्वाचन क्षेत्र एउटा हुन्छ, उम्मेदवार धेरै हुन्छन् ।

३. एक निर्वाचन क्षेत्रमा एउटा सिट रहन्छ ।

४. त्यो एक सिटका लागि धेरै उम्मेदवार निर्वाचनमा जान्छन् ।

५. धेरै उम्मेदवारमध्ये जसले धेरै मत (भोट) ल्याउँछ उसैले जित्छ । त्यसकारण यसलाई बढी मत पाउनेले जित्ने प्रणाली भनिएको हो ।

**महिलाको ३३ प्रतिशत सिट कसरी सुरक्षित गर्न सकिन्छ ?**

महिलाको निम्ति अलग्गै क्षेत्रको निर्धारण गरिएको छैन । अहिले पनि सबै दल मिलेर नियम बनाई क्षेत्र छुट्याउन सक्छन्, जहाँ विभिन्न दलका वा स्वतन्त्र महिलाले उम्मेदवारी दिन्छन् र निर्वाचन लड्छन् । जसले जिते पनि महिला नै आउँछन् । अथवा हरेक २ पुरुष उम्मेदवारपछि महिला उम्मेदवार दिने व्यवस्था गरियो भने मात्र ३३ प्रतिशत महिलाको सिट सुनिश्चित हुन सक्छ ।

**संविधानसभामा महिलाको सहभागिता**

संविधानसभामा महिलाको सहभागिता भनेको केवल उम्मेदवारी दिने र संविधानसभा सदस्य हुने मात्रैको कुरा होइन । निर्वाचनको निम्ति महिला विभिन्न रूप र स्वरूपमा सहभागी हुन सक्छन् । महिला आफैं संविधानसभाको बारेमा सुशिक्षित हुन विभिन्न कार्यक्रम तथा तालिममा जानुपर्छ ।

सुशिक्षित महिलाले अन्य नागरिक एवम् महिलालाई यसको महत्वबारे चेतना दिनुपर्छ ।

निर्वाचनको समयमा प्रचार-प्रसारमा सहभागी हुनुपर्छ ।

निर्वाचनको निम्ति उम्मेदवारी दिन पहल गर्नुपर्छ ।

आफ्नो क्षेत्रबाट उपयुक्त महिला उम्मेदवारका निम्ति दलहरूभित्र पहल गराउन सहभागी हुनुपर्छ ।

राजनीतिक दलभित्र उम्मेदवार चयन गर्ने समितिमा सहभागी हुनुपर्छ ।

निर्वाचन अधिकृतको रूपमा ।

पर्यक्षेकको रूपमा ।

निर्वाचनको समयमा महिला उम्मेदवारलाई जिताउने उनीहरूका प्रचारकका रूपमा रहेका महिलाका बालबच्चाको व्यवस्थापन गर्ने कार्यमा पनि सहभागी हुन सकिन्छ ।

महिला उम्मेदवार र सहयोगीप्रति हुने र गरिने हिंसाविरुद्ध सम्बन्धित ठाउँमा सूचना गर्न तथा शान्ति कार्य स्थापना गर्ने सम्बन्धमा सहभागी हुन सकिन्छ ।

मिडियामा महिला उम्मेदवार तथा व्यक्तित्व उजागार गर्ने सम्बन्धमा पहल गर्न सकिन्छ ।

संविधानसभाको सदस्यमा निर्वाचित हुने र संविधान लेखन कार्यमा सम्बन्धित विभिन्न समितिमा बसी सहभागी हुने ।

संविधान बनाउन विशेषज्ञको रूपमा सहभागी हुने ।

महिलाका सवालमा सरोकारवाला समूहको रूपमा प्रस्तुत हुने । महिलाका सवालमा हरेक समितिमा पर्याप्त सहमति ल्याई संविधानका धारा-धारामा महिलाका विषयमा समावेश गराउने सम्बन्धमा ।

अन्तरिम संविधान २०६३ मा आमाको नामबाट नागरिकता दिने ।

लिङ्गको आधारमा भेदभाव नगर्ने ।

रोजगार तथा सामाजिक सुरक्षासम्बन्धी हक ।

महिलाको प्रजननसम्बन्धी हक ।

महिलामाथिका हिंसा अन्त्य गर्ने ।

पैत्रिक सम्पत्तिमा छोराछोरीको बराबर हक ।

त्यस्तै सामाजिक न्यायअन्तर्गत महिलालाई समानुपातिक समावेशी सिद्धान्तको व्यवस्था ।

शोषणविरुद्धको हक, प्रथा, परम्परा र प्रचलनको नाममा शोषण गर्न नहुने ।

सबै विभेदकारी व्यवस्था हटाइने ।

महिला वर्गको शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाको व्यवस्था आदि अन्तरिम संविधानमा उल्लेख गरिएको छ ।

उपरोक्त व्यवस्थाको अध्ययन गरी ती व्यवस्थालाई अझ परिमार्जित गरी अब आउने संविधानमा राख्नुपर्ने हुन्छ । संविधानसभाको महिला सदस्यको सङ्ख्यामा कमी भयो वा विशेषज्ञ कानुनविद् महिलालाई लान सकिएन भने फेरि पनि महिला ठगिने छन् । देशको भावी सामाजिक संरचना र सम्पूर्ण देशकै पुनर्संरचना गरी नयाँ नेपाल बनाउन महिलाको गुणात्मक तथा सङ्ख्यात्मक दुवैको सहभागिता अत्यन्त महत्वपूर्ण छ । यसको चेतना राजनीतिक दलका नेताहरूमा आउनु जरुरी छ ।

*सन्दर्भ-सामग्री*


संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४

नेपालको अन्तरिम संविधान, २०६३



# व्यक्तिगत स्वार्थभन्दा माथि हुनुपर्छ

**– सुजाता कोइराला**

**सुजाता कोइराला, ५३, नेपाली काङ्ग्रेस केन्द्रीय समिति सदस्य तथा विदेश विभाग प्रमुख हुनुहुन्छ । यसका साथै विधायिका संसद्मा पनि प्रतिनिधित्व गर्नुहुन्छ । संविधानसभाको चुनाव, महिलाको प्रतिनिधित्व र पार्टीहरूको तदारुकताका विषयमा नेतृ कोइरालासाग गरिएको वार्ता :**

❐ आसन्न संविधानसभाको चुनावको तयारी कस्तो भइरहेको छ ?

- चुनाव आउन करिब तीन महिना मात्रै बाँकी छ। केही समयलाई संसद् स्थगन गरेर चुनावी प्रचारमा जान पाउनुपर्छ भन्ने अन्तरिम विधायिकाका सांसदले सभामुखमार्फत कुरा राखेको कार्यान्वयन भएको छ। तसर्थ अब चुनावी वातावरण निर्माणका लागि गाउँ-गाउँ जाने सोचमा छु म पनि।

❐ यस्तै तयारीका आधारमा ऐतिहासिक निर्णयको यो घडी सफल होला?

- हुनुपर्छ। पार्टीहरू आन्तरिक रूपमा तयारीमा छन् भन्ने लाग्छ मलाई। नेपाली काङ्ग्रेस पनि तयारीमै छ। यसर्थ संविधानसभाको निर्वाचन जसरी भए पनि सफल बन्नुपर्छ। चुनाव गराउन सकिएन भने त्यसबाट उब्जने कानुनी र व्यावहारिक कठिनाइको यहाँ उल्लेख नगरौं।

❐ अहिलेको शान्ति सुरक्षा कस्तो छ ?

निश्चय नै माओवादीको उद्दण्डता आपत्तिजनक रूपमा अघि बढेको छ। उनीहरूले पहाड, तराई, सहर, गाउँ सबैतिर जङ्गलमा बस्दाको भैंं चरित्र दोहोऱ्याइरहेका छन्। आचारसंहितामा उल्लेख भएबमोजिम कब्जा गरेका घरजग्गा फिर्ता गरेका छैनन्। चन्दाआतङ्क जारी छ। शान्तिसुरक्षाको स्थिति बिग्रेकै छ। यसर्थ भयरहित वातावरणमा चुनाव हुन्छ कि हुन्न भन्ने शङ्का जनमानसमा हुनु अनौठो होइन।

❐ महिलाले भोट हाल्ने वातावरण बनाउन शान्तिसुरक्षाको अवस्था कस्तो हुनुपर्ला ?

- यहाँ त पुरुषकै सुरक्षा छैन। निश्चय नै हाम्रोजस्तो समाजमा महिला घरबाट निस्कनुलाई राम्रो मानिन्न। त्यस्ता ठाउँमा शान्तिसुरक्षा मजबुत भएन भने महिला घरबाहिर आउँदैनन्। यसका निम्ति सुरक्षा निकायले अहिलेदेखि नै सावधानी अपनाउनुपर्छ।

❐ गृह मन्त्रालय तपाईं सम्बद्ध पार्टीमा छ। शान्तिसुरक्षा फितलो छ भन्न सुहाउला र ?

- 'ल एण्ड अर्डर' 'मेन्टेन' गर्न नसक्ने गृहमन्त्री पदमा रहिरहनु पार्टीका लागि पनि अशोभनीय भएको छ। पार्टीभित्र र बाहिर, अरू राजनीतिक दलबाट आलोचना सहेर बसेका छन् गृहमन्त्री, तर पद छोड्न चाहेका छैनन्। यो उनले नै बुझ्ने कुरा हो।

❐ यो व्यक्तिको कुरा हो कि दलको ?

व्यक्तिको नै त हो। शान्तिसुरक्षा, अमनचैन कायम गर्ने जिम्मेवारी लिएको मान्छेले त्यो पूरा गर्न सकेन भने मैले थेग्न सकिनँ भन्न सक्नुपर्छ।

❐ तपाईंले भनेजत्तिकै आलोचना भएको भए प्रधानमन्त्रीले गृहमन्त्री बदल्न सक्नुहुन्न र ?

- सक्नु त हुन्छ तर उहाँमाथि दबाब होला जस्तो लाग्छ।

**निश्चय नै सकारात्मक असर पार्छ । जति धेरै महिला भयो त्यति नै आफ्ना कुरा राख्न सजिलो हुन्छ । एकजनाले बोल्नु र त्यही कुरा धेरैले बोल्नुमा त फरक परिहाल्छ नि ।**



❐ चुनावप्रति नेपाली काङ्ग्रेस जति उत्साहित हुनुपर्ने हो त्यति भएको छैन भन्ने लाग्दैन तपाईंलाई ?

- जिल्लामा कार्यकर्ता उत्साहित नै छन् । केन्द्र जति 'एक्टिभ' हुनुपर्ने हो त्यति हुन सकिराखेको छैन ।

❐ चुनाव भएन भने कसका कारण हुँदैन ?

अरूलाई दोष दिनुको साटो पार्टीहरू आफैं मिलेर गए भइगयो नि । मूलत: आठ पार्टीलाई जनताले मिलेर जाने र संविधानसभाको चुनाव गराउने 'म्यान्डेट' दिएका छन्, त्यो त पूरा गर्नुपर्‍यो नि । आफ्नो सामानको ख्याल आफैं राख्नु अरूलाई चोर नलगाउनु भने जस्तै हो यो ।

पार्टीभन्दा पनि राष्ट्र ठूलो हो भन्ने भावनाका साथ काम गर्नुपरेको छ । मुख्य त पार्टी एकीकरणमा अलमलिएकाले पनि चुनावी वातावरण बनाउन ढिला भइराख्या छ । अब चाँडै हामी घोषणापत्र लिएर बाहिर आउने छौं ।

❐ महिलाका सवालमा नेपाली काङ्ग्रेसले कस्ता निर्णय लिनेवाला छ घोषणापत्रमा ?

अहिलेसम्म नेपाली काङ्ग्रेसको घोषणापत्र मस्यौदा कमिटी बन्न सकेको छैन । केन्द्रीय कार्यसमितिको बैठक बोलाइएको छैन । वार्ता कमिटीमा महिलालाई राखिएको छैन । यस्तो अवस्थामा महिलाका मुद्दा कसरी उठाउने भन्ने भइराख्या छ । संविधानमा उल्लेख भएअनुसारको महिलाका हकहितमा आवाज उठाउन र त्यसलाई सुनिश्चित गर्न नेपाली काङ्ग्रेस पछि हट्दैन भन्ने लाग्छ मलाई । र, महिलाका सवालमा पार्टी अग्रगमनतर्फ नै जानेछ । अहिले समानुपातिक र मिश्रित प्रणालीका माध्यमबाट महिलालाई कम्तीमा ३३ प्रतिशत सिट सुरक्षित गरिनुपर्छ भन्ने मेरो मान्यता छ ।

❐ तपाईंको मान्यता पार्टीको पनि मान्यता हुनुपर्‍यो, होइन ?

- हुन्छ । अन्तरिम संविधानले निर्दिष्ट गरेका महिलाका हकमा नेपाली काङ्ग्रेस पछि हट्नुपर्ने के कारण छ र ? यस कुराको पुष्टि नेपाली काङ्ग्रेसको घोषणापत्र सार्वजनिक भएपछि हुनेछ ।

❐ पार्टी एकीकरणको कुरा कहाँ पुग्यो ?

- अब चाँडै एकीकरण हुन्छ । नेपाली काङ्ग्रेस रङ्ग उडेको घरजस्तो भएको छ । अब सबै मिलेर घरलाई रङ्गरोगन गर्नुपर्छ । यदि पार्टी जुटेन भने फुट्दाको एमाले/मालेजस्तो हुन्छ । त्यस्तो हुन कसलाई मन होला र ?

❐ उसो भए घोषणा गर्न किन बाँकी त ?

- म यति मात्रै भन्छु कुनै पनि पद भनेको आज आउँछ, भोलि जान्छ । कोही पनि व्यक्ति सधैं मन्त्री, प्रधानमन्त्री हुन सक्दैन । पार्टी अध्यक्ष पनि भइराख्न सक्दैन । यसर्थ व्यक्तिगत स्वार्थभन्दा माथि उठेर निर्णय गर्नुपर्छ सबैले ।

❐ पार्टी एकीकरणले महिलाका विषयमा कत्तिको प्रभाव पार्छ ?

- निश्चय नै सकारात्मक असर पार्छ । जति धेरै महिला भयो त्यति नै आफ्ना कुरा राख्न सजिलो हुन्छ । एकजनाले बोल्नु र त्यही कुरा धेरैले बोल्नुमा त फरक परिहाल्छ नि ।

**वार्ता कमिटीमा महिलालाई राखिएको छैन । यस्तो अवस्थामा महिलाका मुद्दा कसरी उठाउने भन्ने भइराख्या छ । संविधानमा उल्लेख भएअनुसारको महिलाका हकहितमा आवाज उठाउन र त्यसलाई सुनिश्चित गर्न नेपाली काङ्ग्रेस पछि हट्दैन भन्ने लाग्छ मलाई । र, महिलाका सवालमा पार्टी अग्रगमनतर्फ नै जानेछ ।**





# चुनाव नभए सङ्कट आउँछ

– सुरेन्द्र पाण्डे

सुरेन्द्र पाण्डे, ४८, नेकपा (एमाले) का केन्द्रीय सदस्य हुनुहुन्छ। यसका साथै उहाँ बागमती अञ्चल समन्वय कमिटी इन्चार्ज, नेकपा (एमाले) विद्यार्थी फाँट इन्चार्ज, नेकपा (एमाले) संविधान मस्यौदा कार्यदलका सदस्य हुनुहुन्छ। आसन्न संविधानसभा निर्वाचनमा आधारित रहेर पाण्डेसँग गरिएको वार्ता :

❐ संविधानसभाको चुनाव आउन दिनगन्तीका हिसाबले तीन महिना मात्र बाँकी छ। के निर्धारित समयमा चुनाव होला ?

चुनाव हुन्न भनेर शङ्का गर्नु हुँदैन। चुनाव भएन भने राष्ट्रमा सङ्कट आउँछ। सङ्कट कुन हदसम्मको हुन्छ त्यो कल्पनाबाहिर छ। यसर्थ पनि चुनाव हुनैपर्छ। फेरि, धेरै प्रक्रिया अघि बढेका कारण पनि चुनाव हुन्छ, हुन्छ। निर्वाचन क्षेत्र निर्धारण समितिले बुझाएको रिपोर्ट बुझ्न बाँकी छ। अरू प्रायः काम भएकै छन्।

❐ निर्वाचन होला कि नहोला भनेर शङ्का गर्नु जनताको रहर होइन, बाध्यता हो। र, राजनीतिक पार्टीका कारण यो शङ्का गर्नुपरेको हो भन्ने कुराको ख्याल पार्टीहरूलाई छ ?

सञ्चारमाध्यमले पनि जुन पार्टीले चुनाव नहोस् भन्ने चाहेको जस्तो छ त्यसलाई किटान गरेर भन्नुपर्छ। नेकपा (एमाले) ले सबै तयारी गरिरहेको छ। जस्तै म केही कुरा राख्न चाहन्छु, निर्वाचनसँग सम्बन्धित मुद्दा प्रष्ट पार्ने कुराहरू, निर्वाचन पद्धति, मतपत्रका विषयमा, समावेशी मुद्दाजस्ता कुरामा हाम्रो पार्टी लागिसकेको छ। १४ वटै अञ्चलमा प्रशिक्षण अभियान सम्पन्न भयो। अनेरास्ववियुले काठमाडौंबाट पनि यो अभियान सुरु गरिसकेको छ। पार्टीको घोषणापत्र अन्तिम चरणमा पुगिसकेको छ। यसर्थ निर्वाचन आचारसंहिता जारी गर्नासाथ मुलुकको सिङ्गो ध्यान निर्वाचनमा केन्द्रित हुनेछ।

❐ अन्तिम चरणमा पुगेको घोषणापत्र बाहिर ल्याउन केले छेक्यो त ?

सार्वजनिक गर्न कुनै समस्या छैन। तयारी अवस्थामा छ। तर, कतिपय पार्टीले तयारी नै नगरेको अवस्थामा बाहिर ल्यायो भने नक्कल गर्ने पनि सम्भावना हुन्छ। तर, अब हामी चाँडै सार्वजनिक गर्दैछौं।

❐ इतिहासमा पहिलोपटक हुन लागेको निर्वाचनबारे नजरअन्दाज गरेर संसदीय निर्वाचनको झैं तयारीले पुग्छ त ?

निश्चय नै यो ऐतिहासिक घडी हो। सबै आ-आफ्ना क्षेत्रबाट यस घडीलाई सफल बनाउन लागेकै छन् भन्ने हाम्रो बुझाइ छ। यो कुनै राजनीतिक पार्टीको मात्रै कुरो पनि होइन। यसर्थ चुनाव भयरहित वातावरणमा निष्पक्ष रूपले सफल हुनुपर्छ।

❐ सुरक्षाका दृष्टिले चुनाव भयमुक्त वातावरणमा होला ?

गृह प्रशासनको जिम्मेवारी लिने पार्टीले यसको जवाफ राम्ररी दिनुपर्छ। जेठ ६ मा हुनुपर्ने चुनाव मङ्सिर ६ मा सार्दा जनता चुप छन्। सङ्क्रमणकाल भएकाले यतिसम्म छुट दिएका छन्। के अब सधैं जनताले आठ दललाई 'स्पेस' दिइरहन्छन् ? मङ्सिर ६ मा चुनाव भएन भने यो सरकार र आठ दलको सम्झौता नै अवैधानिक हुन

**यो प्रश्न जति उचित हो त्यति नै एमाले सचेत भएको विषय पनि हो। यहाँलाई स्मरण गराऊँ, पार्टीबाहेक भ्रातृ र भगिनी सङ्गठनमार्फत संविधानसभाका विषयमा चेतना फैलाउने काम अरू पार्टी र हाम्रो पार्टीको कति छ त्यो ज्ञात भएकै कुरो हो।**

**जनआन्दोलन– २ पछिको संसद्ले पनि महिलामाथिका विद्यमान भेदभावलाई हटाउने प्रयास गऱ्यो । अन्तरिम संविधानले पनि कतिपय विषयमा स्पष्ट बोलेको छ । समानुपातिक सिद्धान्तका आधारमा २४० सिटमध्ये आधा महिला आउने सुनिश्चित छ । समावेशी सिद्धान्तका आधारमा महिला आधा नआए पनि ३३ प्रतिशतका निम्ति अलग्गै क्षेत्रको निर्धारण गरिएको छैन । समय बाँकी छ, सबै दल मिलेर नियम बनाई महिलालाई मात्र चुनाव लड्ने क्षेत्र छुट्याउन सक्छन् ।**



पुग्छ । त्यतिबेला जनतालाई के जवाफ दिने ? यसर्थ पनि चुनावमा जानुको कुनै विकल्प छैन । शान्तिसुरक्षाको स्थिति पहिलेभन्दा सुदृढ भएको छ ।

❒ अहिले देखिएका विविध समूहलाई सम्बोधन नगरी चुनावमा जान सकिएला ?

संविधानसभाले आफ्नो अधिकार स्थापित गर्छ भन्ने कुरा बिर्सेर केही समूह चुनाव अगावै सबै अधिकार लिइसक्ने विचारमा सडक अवरुद्ध गरेर सर्वसाधारणलाई दुःख दिइरहेका छन् । तत्तत् समूहलाई दिन सक्ने कुरा दिएर बाँकी अधिकार संविधानसभाको चुनावले सुनिश्चित गर्छ भनेर सम्झाउने जिम्मेवारी पनि आठ दलकै हो । सबै कुराको छिनोफानो संविधानसभा अगावै गर्ने भए चुनावको के अर्थ ? यी सब वास्तविकता बुझेर पनि सडक अवरोध गर्नेहरूसँग केही गर्न सकिन्न । तिनलाई सम्झाउने प्रयास गर्नु आजको आवश्यकता हो ।

❒ महिलालाई एउटा नागरिकका रूपमा स्थापित हुन संविधानसभा निर्वाचन कसरी सहायक हुन्छ ?

जनआन्दोलन– २ पछिको संसद्ले पनि महिलामाथिका विद्यमान भेदभावलाई हटाउने प्रयास गऱ्यो । अन्तरिम संविधानले पनि कतिपय विषयमा स्पष्ट बोलेको छ । समानुपातिक सिद्धान्तका आधारमा २४० सिटमध्ये आधा महिला आउने सुनिश्चित छ । समावेशी सिद्धान्तका आधारमा महिला आधा नआए पनि ३३ प्रतिशतका निम्ति अलग्गै क्षेत्रको निर्धारण गरिएको छैन । समय बाँकी छ, सबै दल मिलेर नियम बनाई महिलालाई मात्र चुनाव लड्ने क्षेत्र छुट्याउन सक्छन् । नेकपा (एमाले) ले महिलालाई ५० प्रतिशत सिट सुनिश्चित गरौं भनेकै हो । नेपाली काङ्ग्रेस र माओवादी यसमा बाधक बने ।

❒ अरूको कुरो अहिलेलाई छोडौं, एमालेले ५० प्रतिशत पुऱ्याएर देखाए कसो होला ?

त्यो पनि नहुने होइन । तर, हामी कानुनतः सुनिश्चित होस् भन्ने चाहन्थ्यौं, निगाह होइन ।

❒ यहाँ त प्रतिशत पुऱ्याउने कुरो मात्रै होइन, सक्षम नेतृत्व पनि त निर्माण गर्नु छ, त्यसको तयारी कस्तो छ त ?

यो प्रश्न जति उचित हो त्यति नै एमाले सचेत भएको विषय पनि हो । यहाँलाई स्मरण गराऊँ, पार्टीबाहेक भ्रातृ र भगिनी सङ्गठनमार्फत संविधानसभाका विषयमा चेतना फैलाउने काम अरू पार्टी र हाम्रो पार्टीको कति छ त्यो ज्ञात भएकै कुरो हो ।

❒ जस्तै....?

हाम्रा भ्रातृ र भगिनी सङ्गठनहरू उत्तिकै सक्रियताकासाथ चुनावको प्रचार-प्रसारमा लागेका छन् । महिलाले अझ सङ्गठित र उचित व्यवस्थापनका साथ काम गरिरहेका छन् ।

❒ चुनावमा महिलाका लागि भयमुक्त वातावरण कसरी बनाउने ?

त्यसका लागि गृह प्रशासनसँग सबै दलले बसेर उपाय सुझाउनुपर्छ ।



# निर्वाचन नहुन पनि सक्छ

– सीपी गजुरेल

**यसमा हामीले पनि जनतासामु गएर आत्मालोचना गर्नु छ– धोका भयो हामीमाथि भनेर । धोका दिनेले दिए भनेर मात्रै भएन, विश्वास गर्नु हाम्रो पनि कमजोरी हो ।**

सीपी गजुरेल, ५६, नेकपा (माओवादी) का पोलिटब्युरो सदस्य तथा अन्तर्राष्ट्रिय विभाग इन्चार्ज हुनुहुन्छ । गजुरेल माओवादी पार्टी भूमिगत रहेका अवस्थामा भारतको बाटो हुँदै बेलायत जान लाग्दा चेन्नई विमानस्थलमा पक्राउ पर्नुभएको थियो । नक्कली राहदानी प्रयोग गरेको अभियोगमा गजुरेलले तीन वर्षभन्दा बढी समय भारतीय जेलमा बिताउनुभएको थियो । प्रस्तुत छ संविधानसभाको चुनाव, तयारी र चुनावप्रतिको माओवादी दृष्टिकोणलगायतका विषयमा आधारित रहेर गरिएको वार्ता :

❒ संविधानसभा चुनावको तयारी कस्तो छ ?

– तयारी सन्तोषजनक नै छ । चुनाव नहुने सम्भावना देखिरहेका छौं हामी । तर हुन पनि सक्छ ।

❒ भएन भने कसका कारण हुँदैन ?

– चुनाव हुन नदिन विभिन्न तत्व क्रियाशील छन् । मुख्यत दरबार, अमेरिका, भारत चुनाव हुन नदिन सक्रिय छन् । तर, चुनाव भएन भने यसको दोष काङ्ग्रेस र एमालेले लिनुपर्छ ।

❒ अनि नेकपा माओवादीले चाहिं नि ?

– हामीले दोष लिनुपर्ने कारण के छ र ? ००७ सालमा उठेको एजेण्डा ०१३ सालदेखि नेपाली काङ्ग्रेसले छोडेकै हो । यो एजेण्डा करिब दसवर्षे जनयुद्ध गरेको नेकपा माओवादीले यहाँसम्म ल्याएको कुरा विदितै छ । अनि चुनाव हाम्रा कारण नहुनुपर्ने केही छैन ।

❒ चुनाव भएन भने माओवादीका कारण हुँदैन भनिरहेका छन् पार्टीहरू । किन पनि भने, तपाईंहरू अहिले नै गणतन्त्रको घोषणा गर्नुपर्छ भन्नुहुन्छ । यो भन्ने समय सही हो ?

– हो, जेठ ६ मा गर्ने भनिएको चुनाव जब मङ्सिर ६ लाई सारियो तब हामीलाई लाग्यो- यो षड्यन्त्र चुनाव हुन नदिनका लागि हो । मैले अघि नै भने यसमा अनेकानेक तत्वको घुसपैठ भएको हाम्रो विश्लेषण छ । यसर्थ गणतन्त्रको घोषणा नगरी चुनावमा नजाने हाम्रो अडान रहेको छ ।

❒ तपाईंको अडान ८ र १२ बुँदे सम्झौताविपरीत भएन र ?

– संविधान त फेर्न सकिन्छ भने सहमतिका बुँदा यताउता गर्न मिल्दैन भन्ने छैन । जेठमा चुनाव हुन्छ भन्ने मान्यतामा आधारित रहेर संविधानसभापछिको पहिलो बैठकले राजतन्त्रको विषय टुङ्गो लगाउने कुरामा हाम्रो सहमति भएकै हो । तर, जब चुनाव धकेलियो, अनेकानेक षड्यन्त्रकारीले खेल्ने मौका पाए । यसर्थ, हाम्रो अडान फेरिएको हो ।

यसमा हामीले पनि जनतासामु गएर आत्मालोचना गर्नु छ- धोका भयो हामीमाथि भनेर । धोका दिनेले दिए भनेर मात्रै भएन, विश्वास गर्नु हाम्रो पनि कमजोरी हो ।

❒ तपाईंहरूका अडानकै कारण देशको भविष्य अनिश्चित भयो भने ......

– तपाईं लेखेर राख्नुस् यदि देश बच्यो भने हाम्रै अडानका कारण बच्छ । मिडियाले पनि त देखेकै होला । मैदान नै तयार नगरी अरू दल मैदानमा उत्रन लागेका छन् । खेलका नियम नै नबनी टिम तयार भयो



**विद्यमान संसद्मा पनि हामीले महिलाका लागि छुट्याएको सिटबाटै प्रष्टिन्छ नेकपा माओवादी महिलाको समान सहभागिताको पक्षधर हो भनेर । तर, संविधानसभा भनेको संविधान निर्माणको थलो भएकाले त्यसमा सहभागिता जनाउन सक्ने क्षमतावान् पनि हेर्नुपर्ने हुन्छ । फेरि पनि हामी समानुपातिक समाजको परिकल्पना गर्छौं भन्नु अन्यथा ठहरिन्न ।**



भन्दैछन् । दर्शकदीर्घामा कोही छैन । यस अवस्थामा कसरी खेल खेल्न सकिन्छ ?

❒ माओवादी पार्टी चुनावबाट तर्सिएको भन्नेहरू पनि छन्, होइन ?

- बितेका १५ वर्ष पार्टीहरूले सिटको बाँडफाँडमा समय बिताए । त्यसको हिसाबकिताब राख्न न हिजो आउँथ्यो हामीलाई न आज आउँछ । अंशवण्डाको राजनीति गर्ने भए किन जनयुद्ध गर्नुपर्थ्यो ? यदि सिटको राजनीति गरेको आरोप कसैले हामीमाथि लाउँछ भने त्यो सहिदको अपमान हो । र, हामीमाथि लगाइएको गलत लाञ्छना हो । जो सत्ताको चास्नीमा डुबेको छ उसले संविधानसभा चुनाव सम्पन्न गर्ने प्रवक्ता नभइदिए हुन्थ्यो ।

❒ सत्तामा त तपाईंहरू पनि हुनुहुन्छ नि ?

- हो । त्यहाँ जानु नहुने रहेछ भन्ने हामीलाई अनुभव भइरहेछ । हामीलाई त्यहाँ गएर केही परिवर्तन गर्न सकिन्छ भन्ने थियो, त्यो सम्भव भएन । पुरानो मानसिकता हावी भएकाले हाम्रो सोचअनुसार कारबाही अघि बढ्न सकेनन् । त्यसका लागि खुला दिलले जनतासामु गएर आत्मालोचना गर्छौं । भागवण्डाका कुरामा निरीह बनेर किनाराका साक्षी बन्यौं हामी काङ्ग्रेस र एमालेको । केही सुधार भइहाल्ला कि भनेर सहमति जनाएका थियौं । अबचाहिँ त्यस्तो हुने छैन ।

❒ संविधानसभाको चुनावमा महिलाको सहभागिता कसरी बढाउन सकिन्छ ?

- विद्यमान संसद्मा पनि हामीले महिलाका लागि छुट्याएको सिटबाटै प्रष्टिन्छ नेकपा माओवादी महिलाको समान सहभागिताको पक्षधर हो भनेर । तर, संविधानसभा भनेको संविधान निर्माणको थलो भएकाले त्यसमा सहभागिता जनाउन सक्ने क्षमतावान् पनि हेर्नुपर्ने हुन्छ । फेरि पनि हामी समानुपातिक समाजको परिकल्पना गर्छौं भन्नु अन्यथा ठहरिन्न ।

❒ क्षमता त अभिवृद्धि गर्ने कुरो होइन र ?

- हो । हामीले प्रशिक्षणलाई उच्च प्राथमिकता दिइरहेका छौं । बढीभन्दा बढी सक्षम महिला संविधानसभाको चुनावमा उम्मेदवार बन्नेछन् हाम्रो पार्टीबाट । केही दिनअघि सम्पन्न पार्टीको विस्तारित बैठकमा उपस्थित दुई हजार दुई सय सदस्यले छलफल गर्नु प्रशिक्षण नै हो ।

❒ त्यसमा कति महिला थिए भन्ने कुरा महत्वपूर्ण हो नि ?

- हामीले कति भनेर सङ्ख्या गनेनौं तर महिला पनि उल्लेख्य रूपमा सहभागी थिए ।

❒ घोषणापत्रमा महिलाप्रति गरिने प्रतिबद्धता उल्लेख हुन्छ ?

- निश्चय नै हुन्छ । अहिलेसम्म महिलाका अधिकारका विषयमा हामीले जति अरू कुनै पार्टीले प्रतिबद्धता जनाएका छन् र ?

❒ घोषणापत्र सार्वजनिक हुन्छ चाहिँ कहिले, कि चुनावपछि ?

-अब चाँडै हुन्छ । चुनावपछि गर्नुपर्ने खालका घोषणा चुनावपछि पनि हुन्छन् ।

# वैदेशिक रोजगारीमा महिला

मुलुकको अर्थतन्त्र धराशायी भएको वर्तमान अवस्थामा वैदेशिक रोजगार एउटा भरपर्दो आर्थिक विकल्प बनेको छ । अहिले एक दिनमा सरदर ६ सय नेपाली रोजगारीका लागि विदेश गइरहेको तथ्य सम्बन्धित कार्यालयसँग छ । जसमा महिलाको सङ्ख्या यकिन नभए पनि उल्लेख्य छ । मुलुकमा व्याप्त बेरोजगारी र आत्मनिर्भरताको चाहना तथा लैङ्गिक विभेदका कारण यस क्षेत्रमा महिलाको सहभागिता बढेको हो ।

तर वैदेशिक रोजगारीका निम्ति आवश्यक नीति तथा संयन्त्र व्यवस्थित नहुनाले कतिपय महिलाले विदेशमा आर्थिक, श्रम तथा शारीरिक शोषणलगायत विभिन्न किसिमका दुःख, कष्ट पनि सहनुपरेको छ । घरेलु कामदारका निम्ति खाडी मुलुक जाने महिलामाथि प्रतिबन्धका लागि कतिपय महिला भारतीय भूमि हुँदै जाने क्रममा थप शोषणको सिकार पनि बन्न पुगेका छन् ।

स्मरणीय छ, अधिकांश महिला अभिलेखबद्ध नभई जाने परिपाटी रहेकोले उनीहरू जोखिममा पर्ने थप सम्भावना रहन्छ । यद्यपि हालै संसद्बाट वैदेशिक रोजगार ऐन, २०६४ पारित भएपछि खाडी मुलुकमा महिलालाई घरेलु कामदारका रूपमा जानका लागि लगाइएको प्रतिबन्ध स्वतः खुला भएको छ । तर, सुरक्षित संयन्त्र नअपनाउञ्जेल महिलाले भोग्दै आएका जोखिम भने कम हुने छैनन् ।

यसै विषयमा केन्द्रित रहेर सञ्चारिका समूह र संयुक्त राष्ट्रसङ्घीय महिला विकास कोष (युनिफेम) ले वैदेशिक रोजगारमा संलग्न महिलाको सशक्तीकरणका निम्ति सम्बन्धित पक्षसँग कार्यक्रम गर्दै आएको कुरा विदितै छ । यसै सन्दर्भमा सञ्चारिका समूहद्वारा सञ्चालित 'सुरक्षित वैदेशिक रोजगारीका लागि कूटनीतिक निकायको आवश्यकता' विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा सम्बद्ध सरकारी अधिकारी, खाडी मुलुकमा घरेलु कामदारका रूपमा काम गरी फर्किएका महिला, कूटनीतिक क्षेत्रमा कार्यरत व्यक्तित्व, वैदेशिक रोजगार व्यवसायी, नागरिक समाजका प्रतिनिधि तथा सञ्चारकर्मीको सहभागिता रहेको थियो । संसद्ले वैदेशिक रोजगार विधेयक पारित गरेको छ । जसमा श्रम सहचारी नियुक्त गर्ने व्यवस्था पनि गरेको छ । तर, श्रम मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय र परराष्ट्र मन्त्रालयबीच कसलाई पठाउने भन्ने खिचातानीले श्रमसहचारीको नियुक्तिमा ढिलाइ भएको हो । यसले गर्दा विदेशमा रहेका नेपाली कामदारले अझ दुःख व्यहोर्नुपर्ने स्पष्ट देखिन्छ ।






उक्त अवसरमा बोल्दै सञ्चारिका समूहका अध्यक्ष बबिता बस्नेतले भन्नुभयो, 'महिला कामका निम्ति विदेश जानुपर्छ भन्ने होइन र जान हुँदैन भन्ने पनि होइन । हाम्रो भनाइ त यति मात्र हो कि यदि महिला कामका लागि विदेश जान्छन् भने उनीहरू सुरक्षित हुनुपर्दछ । उनीहरूको सुरक्षाका लागि राज्यले संयन्त्र निर्माण गर्नुपर्छ ।'

कार्यक्रमका प्रमुख अतिथि परराष्ट्रमन्त्री सहाना प्रधानले विभिन्न मुलुकमा श्रमसहचारी राख्ने प्रयास भइराखेको जानकारी दिँदै खाडी राष्ट्रमा काम गरिरहेका नेपाली महिलामाथिको शोषण रोक्न कूटनीतिक निकायको भूमिका महत्वपूर्ण हुने धारणा व्यक्त गर्नुभयो । युनिफेमका कार्यक्रम संयोजक सरू जोशीले वैदेशिक रोजगार ऐन संसद्बाट पारित भइसकेको अवस्थामा नियमावली बनाएर कार्य अगाडि बढाउनुपर्ने बताउनुभयो । उहाँले अगाडि थप्नुभयो, 'ऐन आएपछि महिलालाई खाडी मुलुकमा घरेलु कामका लागि जान लागेको प्रतिबन्ध स्वतः हट्छ तर सुरक्षाको संयन्त्र दह्रो नभई प्रतिबन्ध फुकुवा भएर मात्र केही हुँदैन ।'

# संविधानसभामा महिला





सञ्चारिका समूह र क्यानेडियन सरकारको संयुक्त आयोजनामा 'संविधानसभामा महिला सहभागिता' विषयक एकदिने अन्तर्क्रिया कार्यक्रम हालै वीरगञ्जमा सम्पन्न भयो। उक्त कार्यक्रममा विभिन्न क्षेत्रमा कार्यरत व्यावसायिक महिलाको सहभागिता रहेको थियो। संविधानसभाको निर्वाचन प्रणाली, महिला सहभागिता र संविधानसभामा उठाउनुपर्ने महिलाका मुद्दाका विषयमा छलफल गरिएको सो कार्यक्रममा कलेजमा प्राध्यापनरत महिला, शिक्षिका, विद्यार्थी, विभिन्न राजनीतिक दलसँग आबद्ध नेतृहरू, महिला पत्रकार, स्वास्थ्य क्षेत्रमा कार्यरत महिला तथा नागरिक समाजका प्रतिनिधि महिलासमेत करिब एक सयजनाको सहभागिता रहेको थियो।

संविधानसभा निर्वाचनमा जनचेतना जगाउने कार्यमा विभिन्न क्षेत्रमा कार्यरत व्यावसायिक महिलाको महत्वपूर्ण भूमिका हुने भएकाले उनीहरूबीच आयोजित उक्त कार्यक्रमा सबै पेसागत महिलाले चासो व्यक्त गरेर सक्रिय सहभागिता जनाएका थिए। साथै संविधानसभालाई महिलाको अवधारणाबाट हेरिनुपर्ने र संविधानसभाका हरेक चरण र प्रक्रियामा महिलाको सहभागिता हुनुपर्ने कुरामा सहभागीले जोड दिएका थिए।

संविधानसभामा महिलाको सहभागिता र मुद्दाहरूले पाउने स्थानले भविष्यमा राज्य सञ्चालनका हरेक तहमा महिला सहभागिताको सुनिश्चितता हुने र नयाँ नेपालको निर्माण गर्न समावेशी संरचना आवश्यक हुने भएकाले यस्ता कार्यक्रम फलदायी हुने निश्चित छ। सञ्चारिका समूहले विभिन्न जिल्लामा संविधानसभामा महिला सहभागितालाई लिएर कार्यक्रम गर्दै आएको छ जसमा पर्सा जिल्ला पनि समावेश गरिएको छ।

समावेशी नेपालका लागि सञ्चारिका समूहको प्रस्तुति रेडियो पत्रिका 'संवाहक' देशभरिका विभिन्न एफ.एम. स्टेसनबाट हरेक बुधबार बिहान ७:३० देखि ८:०० बजेसम्म र हरेक मंगलबार बिहान ७:४० बजेबाट रेडियो नेपालबाट सुन्न नभुल्नुहोला।

| स्टेसनहरू | | ठेगाना |
|---|---|---|
| सप्तकोसी एफ.एम. | 90 mhz | इटहरी |
| रेडियो जनकपुर | 97 mhz | जनकपुर |
| रेडियो अन्नपूर्ण एफ.एम., | 93.4 mhz | पोखरा |
| रेडियो लुम्बिनी, | 98.8 mhz | रूपन्देही |
| रेडियो बागेश्वरी, | 96.4 mhz | नेपालगञ्ज |
| शुक्लाफाँटा एफ.एम., | 94.4 mhz | कञ्चनपुर |
| उज्यालो ९० एफ.एम. | 90 mhz | |
| रेडियो नेपाल | 100 mhz | काठमाडौं |







सञ्चारिका समूहको ११औं वार्षिकोत्सव तथा चौथो वार्षिक साधारणसभा हालै सम्पन्न भयो । उक्त अवसरमा सूचना तथा सञ्चारमन्त्री कृष्णबहादुर महराले समानुपातिक समाजको निर्माणका लागि हरेक क्षेत्रमा महिला सहभागिता हुनुपर्ने कुरामा जोड दिनुभयो । उहाँले संविधानसभामा महिला सहभागिता बढाउनका लागि गाउँ-गाउँमा चेतनामूलक कार्यक्रम गर्नुपर्ने धारणा पनि राख्नुभयो । उक्त अवसरमा पत्रकार देवप्रकाश त्रिपाठी, गोपाल थपलिया, शिव गाउँले, गोविन्द आचार्य, गणेश बस्नेत, सञ्चारिका समूहकी महासचिव निर्मला शर्मा र सचिव सुचित्रा श्रेष्ठले बोल्नुभएको थियो । सोही अवसरमा सञ्चारिका समूहकी अध्यक्ष तथा समारोहमा अध्यक्षता गरिरहेकी बबिता बस्नेतले महिला सञ्चारकर्मीको सङ्ख्यात्मक र गुणात्मक वृद्धिका लागि सकारात्मक विभेदको आवश्यकता औंल्याउनुभयो । यस कार्यको सुरुवात सरकारी सञ्चारमाध्यमले गर्नुपर्ने र निजी क्षेत्रबाट सञ्चालित सञ्चारमाध्यमले यसको अनुशरण गर्नुपर्ने उहाँको धारणा थियो ।

सञ्चारिका समूहमा अहिले १३ सदस्यीय कार्यकारी समिति छ । ७ सदस्यीय सल्लाहकार समितिले समूहलाई सल्लाह दिने गरेको छ । यसका शाखाहरू क्रमश: नेपालगञ्ज, पोखरा र धरानमा छन् । मुलुकभरका करिब दुई सय महिला सञ्चारकर्मी यसका सदस्य रहेका छन् ।

प्रकाशक

**सञ्चारिका समूह/नेपाल**
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेल : sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

संयोजन
यशोदा तिम्सिना
इ-मेल: ystimi@gmail.com

फोटो (अन्तर्वार्ता) : शालिग्राम तिवारी

कम्प्युटर ले-आउट : बच्चु राई

भाषा सम्पादन : कृष्णप्रसाद पौडेल

**(यो समाचार बुलेटिन क्यानेडियन इन्टरनेशनल डेभलपमेन्ट एजेन्सी (सिडा) को सहयोगमा प्रकाशित गरिएको हो ।)**